पाणिनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
दुर्गाफाँट,अर्घाखाँची
लुम्बिनी प्रदेश,नेपाल

फोन नं ☎: ९८५७०६६४९८
ईमेल: ito.paninimun@gmail.com

प.स. :२०७७/०७८
च नं:

मिति: २०७७/०८।०९

## उद्यम विकास सहज कर्ताका लागि दरखास्त आह्वान सम्वन्धी सूचना!

**प्रथम पटक प्रकाशित मिति:२०७७।०८।०९**

आर्थिक वर्ष २०७७।०७८ मा नेपाल सरकारबाट पाणिनी गाउँपालिकालाई सशर्त अनुदानको रुपमा उपलब्ध बजेट तथा कार्यक्रम अन्तर्गत गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) संचालनका लागि करारमा उद्यम विकास सहजकर्ता नियुक्त गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक व्यक्तिहरुलाई आवेदन आह्वान गरिएको छ। योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित तोकिएको सम्पूर्ण कागजात संलग्न गरी दरखास्त दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल:**

| क्र.सं. | विज्ञापन नं | पद,सेवा,समूह | संख्या | न्युनतम शैक्षिक योग्यता | आवेदन दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०२/०७७/०७८ | उद्यम विकास सहजकर्ता | २(दुई) | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तिर्ण गरेको वा प्राविधिक शिक्षा ता व्यवसायिक तालिम परिषद्(CTEVT) बाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ कोर्ष उत्तीर्ण गरेको वा प्राविधिक शिक्षा वा व्यवसायिक तालिम परिषद(CTEVT) बाट उद्यम विकास सहजकर्ता सम्वन्धी प्रावीधिक प्रवेशीका परिक्षा (TSLC) उत्तिर्ण। | रु १,०००।- |

१) **आवेदन दिने स्थान:** पाणिनी गाउँ कार्यपालिकाको कार्यालय,दुर्गाफाँट अर्घाखाँची वा कार्यालयको ईमेल ठेगाना ito.paninimun@gmail.com ।

२) **आवेदनसाथ आवेदक स्वयंले प्रमाणित गरेका देहाय बमोजिमका संलग्न गर्नुपर्ने कागजातहरु:** व्यक्तिगत विवरण,न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,चारित्रीक प्रमाणपत्र,नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,अनुभवको प्रमाणित प्रतिलिपी।

३) **दरखास्त दस्तुर बुझाउने स्थान:**गाउँ कार्यपालिकाको कार्यालयमा तिरेको नगदी रसिद वा ग्लोबल आई एम ई बैंक लि, पोखराथोक शाखा, खाता नं M804010000016 आन्तरिक राजश्व खातामा रकम जम्मा गरेको सक्कलै भौचर कार्यालयमा पेश गर्नुपर्नेछ।

४) **दरखास्त फाराम:** गाउँ कार्यपालिकाको वेवसाइट www.paninimun.gov.np वा गाउँकार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

५) **दरखास्त दिने अन्तिम मिति:**२०७७।०८।२३ कार्यालय समय भित्र,अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलीपल्ट स्वत आवेदन दिन पाईनेछ।

६) **सेवा तथा सुविधा:** नेपाल सरकारले तोकेको प्रचलित स्केल बमोजिम।

७) **काम गर्नुपर्ने स्थान:**गाउँ कार्यपालिकाको कार्यालय र मेडपा कार्यक्रम लागु हुने पालिका भित्रका जुनसुकै स्थान।

८) **छनौटको किसिम:** आवश्यक्ता अनुसार ( लिखित/मौखिक वा दुवै )।

९) **उमेरको हद:** दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

१०) कर्मचारी छनौट सम्वन्धी सम्पूर्ण अधिकार गाउँ कार्यपालिकाको कार्यालय संग निहित हुनेछ।

**११) सम्पर्क मिति:२०७७।०८।२४**

२०७७।८।९

**नेत्र प्रसाद घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**
प्रमुख प्रशासकीय अधिकृत

"पाणिनी र दुर्वाशा ऋषिको पहिचान,समृद्द पाणिनी निर्माण हाम्रो अभियान"